# *गौर नगरपालिका*

# *१० औ नगरसभा*

## *आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम*

## "हाम्रो अभियान समृद्धि,विकास र गौर नगरको श्रेष्ठ पहिचान"

गौर नगरपालिकाको दशौं नगरसभाका प्रमुख अतिथि प्रदेश सांसद माननीय श्री बाबुलाल साहज्यू, विशिष्ट अतिथिज्यूहरु, गौर नगरपालिकाका उपप्रमुख श्री शैल कुमारी साहज्यू, रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरु, नागरिक समाजका अग्रजज्यूहरु, जेष्ठ नागरिक समाजका अध्यक्ष तथा प्रतिनिधिज्यू, नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्षज्यू, लगायत सम्पूर्ण संचारकर्मीमित्रहरु एवं यस गरिमामय सभामा विभिन्न क्षेत्रबाट उपस्थित अतिथिज्यूहरु लगायत सम्पूर्ण आदरणीय नगरवासीहरुमा हार्दिक स्वागत एवं अभिवादन गर्दछु।

गौर नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन-बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमानको कठिन परिस्थितिमा त्याग र परिवर्तनको लागि नेतृत्व गर्ने व्यक्तित्व एवं सबैमा उच्च सम्मान व्यक्त गर्दछु ।

देशको परिवर्तनमा महत्वपूर्ण योगदान गर्दै आएको गौर नगरवासीको दृढ ईच्छाशक्ति एवं हाम्रै पालामा गौर नगरपालिकालाई स्मार्ट बनाउन सकिन्छ भन्ने आत्मविश्वास नै हाम्रो उर्जा हो ।यसैको बलमा विगत देखि यहाँको बासिन्दाहरु अनेकौ आपत विपत एवं चुनौतीहरु संग जुध्दै सम्मानको नयाँ नयाँ इतिहास खडा गर्दै आएको छ । अबको यो नयाँ चुनौतीको सामना पनि सोही अनुसार गर्नेछौ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

भर्खरै सम्पन्न स्थानीय तह निर्वाचनमा हामीलाई विश्वास गरी भारी मतले विजयी गराउनु भएका सम्पूर्ण आदरणीय नगरवासीहरुलाई हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु। यस गरिमामय नगर सभाको सदस्यको रुपमा निर्वाचित सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई हार्दिक बधाइ ज्ञापन गर्दछु। हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा गौरवासीको उत्साहपूर्ण सहभागिताको लागि सम्पूर्ण मतदाता प्रति हार्दिक आभार व्यक्त गर्दछु। निर्वाचनका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले गौर नगरपालिकाको समग्र विकासका लागि नागरिकसँग गरेका प्रतिवद्धताहरुलाई मुर्त रुपमा ल्याउन म पदभार ग्रहण गरेको पहिलो दिन (Day One) देखि लागि परेको यहाँहरुलाई निवेदन गर्न चाहन्छु ।

यो नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा आम नगरवासीको चाहना, भावना र मागको आधारमा यहाँको स्रोत र सामर्थ्यको भरपुर सदुपयोग गरी संविधान र कानुनले दिएको अधिकार भित्र रही जनप्रतिनिधि एवं अगुवा व्यक्तिहरुको परामर्शलाई समेत मार्गदर्शनको रुपमा लिएको छु ।

**उपस्थित महानुभाव एवं नगरसभा सदस्यज्यूहरु,**

आ.व.२०७८/०७९ को विनियोजित रकम मध्ये आम्दानी तर्फ संघीय सरकारबाट प्राप्त वितिय सम्मानिकरण अनुदान रकम रु.१२ करोड ८३ लाख, प्रदेश सरकारबाट प्राप्त सम्मानिकरण अनुदान रकम रु. ८७ लाख ६८ हजार, संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड रकम रु.५ करोड ९३ लाख ५४ हजार, प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड रकम रु.५२ लाख ८१ हजार, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रकम रु.२३ करोड ३ लाख ६ हजार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रकम रु १ करोड २५ लाख, संघीय सरकारबाट प्राप्त विशेष अनुदान रकम रु.१ करोड ९१ लाख, प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रकम रु.३० लाख, प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान रकम रु.२० लाख, आन्तरिक आय र नगद जनसहभागिता समेतबाट प्राप्त रकम रु.५ करोड ६४ लाख, अन्य आय (सडक बोर्ड नेपाल, युनिसेफ नेपाल, ग्रामिण उधम विप्रेषण आयोजना,प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम) बाट प्राप्त रकम रु. ३५ लाख ५० हजार गरी जम्मा रकम रु.५२ करोड ८५ लाख ५९ हजार प्राप्त भएको छ ।

त्यस्तै विनियोजित रकमको खर्च अनुपात हेर्दा वितिय सम्मानिकरण तर्फ रु.११ करोड २२ लाख, ६१ हजार, राजश्व बाँडफाँड तर्फ रु.६ करोड १९ लाख ८४ हजार, सशर्त अनुदान तर्फ रु.१६ करोड ८६ लाख, ४६ हजार विशेष अनुदान तर्फ रु.१ करोड ३१

लाख, ४२ हजार समपूरक अनुदान तर्फ रु.२० लाख, आन्तरिक आय तर्फ रु.५ करोड ५१ लाख, १८ हजार र अन्य अनुदान तर्फ रु.३५ लाख, ५० हजार गरी जम्मा रु.४१ करोड ६७ लाख १ हजार खर्च भएको छ। उक्त खर्च रकम विनियोजित रकमको ७१% रहेको छ।

आ.व.२०७९/०८० को बजेट स्रोतको रुपमा यस नगरपालिकाको आन्तरिक आम्दानी तर्फ अनुमानित रु.५ करोड ५३ लाख, २८ हजार वितिय सम्मानिकरण अनुदान तर्फ (संघ र प्रदेश) को रु.१४ करोड ४६ लाख, ३७ हजार, संघीय सशर्त अनुदान तर्फ २१ करोड ६८ लाख, राजश्व बाँडफाँड तर्फ (संघ र प्रदेश) को रु. ८ करोड ५७ लाख, २३ हजार, विशेष अनुदान तर्फ (संघ र प्रदेश) को रु.३ करोड ४१ लाख, समपूरक अनुदान तर्फ (संघ र प्रदेश) को रु.६० लाख गरी कुल बजेट रकम रु.५४ करोड २५ लाख ८८ हजार को बजेट प्रस्तुत गरेको छु। जसमध्ये चालु खर्च तर्फ रु.३० करोड ८५ लाख ७२ हजार र पुँजीगत खर्च तर्फ रु.२३ करोड ४० लाख १६ हजार रहेको छ ।

**<u>आदरणीयनगर सभा सदस्यज्यूहरु,</u>**

"हाम्रो अभियान समृद्धि,विकास र गौर नगरको श्रेष्ठ पहिचान" लाई आत्मसाथ गर्दै अब म गौर नगरपालिकाले आ.व.२०७९/०८० मा लिएको मुख्य नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष राख्न चाहन्छु ।

**क. <u>आर्थिक विकास तर्फ</u>**

१. गौर न.पा.लाई आर्थिक रुपमा सबल बनाउन"**सोच विनाको स्रोत व्यवस्थापन हुँदैन**" र "**स्रोत विना सोच कार्यान्वयन हुँदैन**" भन्ने उद्देश्यले करको दायरालाई समयानुकुल सुधार गरी समय सान्दर्भिक बनाइने छ र करका नया स्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गर्ने नीति लिइनेछ ।

२. गौर नगरपालिकाद्वारा यस भन्दा अगाडी सबै क्षेत्रमा लगाईएका करहरुमा आंशिक संसोधन गरी निरन्तरता दिईनेछ ।

३. स्रोत परिचालन र व्यवस्थापनलाई यथार्थपरक बनाउने नीति लिदैं सबै कर शिर्षकहरुलाई व्यवस्थित बनाई अनलाइन प्रणालीको माध्यमबाट कर संकलन गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ ।

४. यस नगरपालिकामा सबै भन्दा बढी कर तिर्ने करदाता एवं नगरलाई आर्थिक रुपमा आत्मनिर्भरता तर्फ लैजाने व्यवसायी/उद्योगीलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिनेछ।

**ख. <u>कृषि विकास तथा पशु सेवा तर्फ</u>**

१. माटो परिक्षण सहित जग्गाको वर्गीकरण गरी विभिन्न कृषि उपज पकेट क्षेत्र घोषणा (केराको पकेट विकास कार्यक्रम अन्तर्गत केराखेती,उखु खेती र आलु खेती) लाई समय सापेक्ष रुपमा अगाडी बढाउदै कोभिड-१९ का कारण रोजगारबाट विस्थापित भएका नगरवासीहरुलाई कृषि पेशा सँग आवद्ध गर्ने नीति लिइनेछ ।

२. कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै कृषक पेशामा आवद्ध नगरवासीहरुलाई कृषिमा आत्म निर्भर बनाउन कृषकहरुद्धारा समूहमा गरिने आलु,केरा,उखु खेतीलाई कृषि प्राविधिकको उपलब्धता सहित उत्कृष्ट कृषि कार्य गर्ने कृषकहरु प्रोत्साहन स्वरुप सम्मान गर्ने नीति लिईनेछ ।

३. कृषकहरुले उत्पादन गरेका कृषिजन्य उत्पादनलाई उचित बजारीकरणको व्यवस्था मिलाइनेछ। आवश्यक स्थानमा कृषि हाट बजार तथा कृषि उपज संकलन केन्द्र स्थापना तथा पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

४. सामूहिक तथा सहकारी खेती प्रणालीबाट कृषि कार्य गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ ।

५. कृषकहरुको बालिनालीको लागि ऋण उपलब्ध गराउन र बिमा गर्न वितिय संस्था सँग समन्वय र सहजिकरण गरिनेछ ।

६. कृषकहरुको तथ्यांक संकलन गरी परिचय पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७. कृषकको उत्पादन बस्तुको विक्री दरलाई सन्तुलित राख्न शित भण्डार (कोल्ड स्टोर) भवन निर्माणमा जोड दिईनेछ ।

८. किसानलाई सहज र सुलभ तरिकाले मलखाद उपलब्ध गराउन विशेष पहल र सहजिकरण गरिनेछ ।

९. स्थानीय हाट बजारमा बिक्री हुने माछा, मासु पसलहरुलाई व्यवसायमा आवद्ध गरी व्यवस्थित बनाईनेछ ।

१०. न.पा.को प्रत्येक वडामा पशुपालक किसानहरुको सेवा, सुविधाका लागि पशु प्राविधिक सहितको टोली पशुधनको रोग, संक्रमण रोकथाम गर्न निशुल्क औषधी सहित परिचालन गरिनेछ ।

११. उन्नत जातको पशु र गोठ सुधार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१२. कृषकहरुलाई समायानुकुल तालिम, कृषि पाठशालाको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१३. पशुपालक कृषकहरुलाई उन्नत जातको घाँस, बिउ विजन वितरण कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१४. आधुनिक र व्यवसायिक फर्म संचालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५. कृषकलाई उन्नत बिउ वितरण गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।

१६. उखु पकेट क्षेत्रमा स्यालो ट्युबवेल जडान गर्ने नीति लिईनेछ ।

१७. व्यवसायिक रुपमा पशुपंक्षि पालन गर्ने व्यवसायिलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

१८. व्यवसायिक माछा पालनलाई बढावा दिने नीतिमा जोड दिईनेछ ।

**सहकारी तर्फः-**

१. सहकारी संस्थाको दर्ता, अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समयानुकुल परिमार्जन गरिनेछ ।

२. सहकारीको नियमन प्रणालीलाई चुस्त दुरुस्त बनाउदै प्रचलित कानून विपरित संचालनमा रहेका सहकारी संस्थाको दर्ता खारेज गरिनेछ ।

३. नगरक्षेत्रको सम्पूर्ण सहकारी संस्थाको तथ्यांक संकलन गरी व्यवस्थित अभिलेखिकरण गरिनेछ ।

४. कृषि समूह तथा महिला समूहहरुलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित गरिनेछ ।

**उद्योग/वाणिज्य तर्फ**

१. लघु तथा घरेलु उद्योगहरुको लगत संकलन गरी उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिइनेछ ।

२. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई न.पा.को हरेक वडाहरुमा विस्तार गर्दै अझ बढी प्रभावकारी ढंगले संचालनमा ल्याइनेछ ।

३. कृषिमा आधारित उद्योग/व्यवसाय स्थापना र संचालनमा प्रोत्साहित गर्न उद्योग दर्ता, नविकरण गर्दा लाग्ने शुल्क र आयमा लाग्ने करमा छुट दिने नीति अवलम्बन गरिनेछ।

४. उद्योग व्यवसाय प्रवर्द्धनका लागि उद्योग वाणिज्य संघको सहकार्यमा आगामी आ.व.मा व्यापारमेला/व्यापार महोत्सवको आयोजना गरिनेछ ।

५. वितीय संस्थाहरुको स्थापना एवं प्रोत्साहनमा जोड दिईनेछ ।

६. घरेलु उद्योगहरुलाई प्रोत्साहन र नियमन गरिनेछ ।

**रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनिकरण तर्फ**

१. गौर न.पा.क्षेत्रभित्र बसोवास गर्ने विपन्न तथा गरिबहरुको तथ्यांक संकलन गरी अभिलेखिकरण गरिनेछ ।

२. वैदेशिक रोजगारबाट फर्केका र नगरमा रहेका बेरोजगार युवाहरुको तथ्यांक संकलन गरी संघ एवं प्रदेश सरकार संग समन्वय गरी विभिन्न कार्यक्रमहरु जस्तै सीपमूलक तालिम र आय आर्जन सम्बन्धी तालिम संचालनमा ल्याईनेछ ।

३. रोजगार सृजना हुने सीप विकासमा विशेष जोड दिईनेछ ।

४. शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न गराउन प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

## सामाजिक विकास नीति

**(क) शिक्षा तर्फः-**

१. आर्थिक वर्ष २०७९/०८० देखि संस्थागत/निजी विद्यालयहरु समेतको बार्षिक लेखापरीक्षण गरिने प्रकृयाको थालनी गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरुमा एकै किसिमको रंगरोगन गरी आवश्यकता अनुसार शौचालय,बगैचा,पर्खाल निर्माण तथा ब्लक बिच्छयाउने समेतका भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुको गुणस्तर सुधार गरी समयानुकुल बनाउन शिक्षाविद् तथा संस्कृतिविद् सम्मिलित एकिकृत शिक्षा व्यवस्थापन योजना तर्जुमा समिति गठन गरी शिक्षा योजना तर्जुमा गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुमा पूर्व प्राथमिक तह देखि कक्षा ८ सम्म स्थानीय विषयको रुपमा वज्जिका/भोजपुरी भाषाको पाठ्यक्रम अनुरुप पठनपाठनको कार्यलाई बढावा दिईनेछ ।

५. प्राविधिक शिक्षाको माध्यमबाट दक्ष जनशक्ति निर्माणको लागि जुद्ध माध्यामिक विद्यालयमा विशेष प्राविधिक धारको कक्षा संचालन गराईनेछ ।

६. विद्यालयबाट विचमै पढाई छाड्ने विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्न निशुल्क पाठ्यपुस्तक,दिवाखाजा,छात्रबृति अनुदान एवं स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।

७. सबै सामुदायिक विद्यालयहरुमा विज्ञान तथा कम्प्यूटर प्रयोगशाला स्थापना तथा स्तरोन्नती गरिनेछ ।

८. विद्यालय,शिक्षक र उत्कृष्ट विद्यार्थीहरुको लागि आन्तरिक स्रोत समेतको आधारमा ल्यापटप उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

९. गौर नर्सिङ्ग क्याम्पसलाई अपग्रेड गरी नगरभित्रका विद्यार्थीहरुका लागि सीट आरक्षणको पहल कदमी गर्ने नीति लिईनेछ ।

१०. प्राईभेट विद्यालयहरु सँग समन्वयन गरी गरिव,दलित तथा जेहेन्दार विद्यार्थीहरुको लागि निशुल्क शिक्षाको उपलब्ध गराउने नीति लिईनेछ ।

११. न्यून पारिश्रमिक सहित पठनपाठनमा संलग्न बाल विकास सहजकर्ताहरु, विद्यालय कर्मचारीहरुलाई संघीय सरकारको निश्चित मापदण्ड बमोजिम थप प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

१२. शिक्षकहरुको कार्य सम्पादन र विधार्थीको उतिर्ण नतिजाको आधारमा दण्ड, पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

१३. प्रत्येक वडामा एक खेल मैदानको नीति लिईनेछ ।

१४. सफा, सुन्दर, हराभरा र वातावरणमैत्री विद्यालय निर्माणको लागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

१५. सम्पूर्ण विद्यालयलाई लैंगिकमैत्री, बालमैत्री र अपाङगमैत्री शैक्षिक तथा भौतिक पहुचयुक्त वातावरण बनाउन आवश्यक सहकार्य गरिनेछ ।

१६. यस नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयमा विधुतिय हाजरी तथा शिक्षकको लगबुक राख्ने व्यवस्था अनिवार्य गरी लागु गरिनेछ ।

१७. सामुदायिक सिकाई केन्द्रहरुलाई आवश्यक कार्यविधि बनाई व्यवस्थापन गरिनेछ ।

१८. जुद्ध नमुना मा.वि गौरको निर्माणाधिन विद्यालय भवन निर्माण कार्य समयमा नै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

**(ख) <u>स्वास्थ्य सेवा तर्फ</u>**

१. नगरपालिकाको वडा नं.६,७ र ८ मा बर्थिङग सेन्टर संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२. आधारभूत स्वास्थ्य केन्द्रहरुको स्तरोन्नती तथा संस्थागत सुधार गर्दै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुती गराउने व्यवस्था मिलाईनेछ ।

३. स्वास्थ्य सेवा केन्द्रहरुमा निशुल्क औषधी, उपकरण र स्वास्थ्य सामाग्रीहरुको निरन्तर आपुर्ति र उपयोगलाई सुनिश्चत गरिनेछ ।
४. अति विपन्न वर्गका व्यक्तीहरुलाई सरकारी अस्पतालबाट निशुल्क उपचारका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।
५. गर्भवति महिला बालबालिकाहरुको लागि संचालनमा रहेको पोषण कार्यक्रमलाई अझ प्रभावकारी ढंगले निरन्तरता दिईनेछ ।
६. निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्था, क्लिनिक एंव औषधी पसलहरुको निरन्तर अनुगमन गरी सुधारका रणनीति लागु गरिनेछ ।
७. नगरवासीहरुलाई रगत अभाव हुन नदिनका लागि नेपाल रेडक्रस भवनमा नगरपालिकाबाट निर्माण गरिएको ब्लड बैंकको उचित व्यवस्थापन गरी नियमित संचालनमा ल्याईनेछ ।
८. हरेक घर परिवारमा स्वास्थ्यकर्मीको टोली पुग्ने गरी घुम्ती स्वास्थ्य सेवा प्रारम्भ गरिनेछ ।

**(ग) <u>लैंगिक समानता तथा सामाजिक समावेशिकरण</u>**

१. समाजमा महिलाहरु माथि हुने विभेद अन्त्य र महिलाहरुको आत्म सम्मान तथा शशक्तिकरणको लागि मेयर सँग महिला कोशेली कार्यक्रम संचालनमा ल्याईनेछ ।
२. तिलक/दहेज प्रथा र खर्चिलो विवाह प्रणालीलाई निरुत्साहित गर्न गरिब असहायको छोरीको विवाहमा सहयोग र सहजिकरण गर्ने नीति लिईनेछ ।
३. महिला स्वयं सेविकाले गरेको योगदानको कदर गर्न नगरपालिकामा कार्यरत महिला स्वयं सेविकाहरुलाई सेवाप्रति थप प्रोत्साहित गरिनेछ ।
४. पिडित महिला तथा बालबालिकाहरुको लागि आश्रय स्थल भवन निर्माणको लागि आवश्यक रकम बिनियोजन गरिएको छ ।
५. दलित र मुस्लिम प्रवेशिका परीक्षा उतीर्ण कन्याको उमेरपुगी विवाह भएमा कन्या सुरक्षा योजना अन्तर्गत रु १० हजार उपलब्ध गराईनेछ ।

**(घ) <u>खानेपानी तथा सरसफाई तर्फ</u>**

१. एक घर एक धाराको अवधारणालाई कार्यान्वयमा ल्याईनेछ ।
२. लामखुट्टे नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
३. नगरक्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गर्न लैण्डफिल्ड साइड निर्माण कार्यको प्रक्रिया अगाडी बढाईनेछ ।

४. नगरको फोहोर मैला व्यवस्थापनका लागि आवश्यक पर्ने साधन तथा जनशक्तीको अझ प्रभावकारी ढंगले परिचालन गरिनेछ ।

**(ङ) <u>संस्कृति तथा पर्यटन प्रवर्द्धन तर्फः</u>**

१. नगरपालिकको ईतिहास, संस्कृति, मौलिक परम्परा र पहिचान समेटी तस्वीर, चित्रकथा, श्रब्यदृश्य सामाग्री निर्माण गरिनेछ ।

२. गौर बरहवा खोलामा पुल/कल्भट निर्माण तथा सौर्दर्यीकरण गरी आन्तरिक पर्यटनलाई आकर्षित गरिनेछ ।

३. यस नगरपालिकाक्षेत्र भित्र रहेका ऐतिहासिक मठ, मन्दिर, मस्जिद, मर्दसा र ताल पोखरीहरुको सौन्दर्यिकरण तथा संरक्षण गरी पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

४. वडा नं.२ मा सामुदायिक भवन तथा विवाह मण्डप निर्माण गरिनेछ ।

५. मधेशको पहिचान झलकिने गरी सांस्कृतिक प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. वडा नं.५ मा रहेको कलाकुञ्ज पुस्तकालयलाई आधुनिक र सुविधा सम्पन्न बनाईनेछ।

७. धार्मिक, सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि दशै, दिपावली, छठ, जितिया, ईद, बकरईद, होली जस्ता महत्वपूर्ण पर्वहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

८. गौर अस्पतालमा आगामी वर्षमा मन्दिर निर्माण कार्य पुरा गरिनेछ ।

**(च) <u>युवा तथा खेलकुद विकास तर्फ</u>**

१. गौर नगरपालिकाको मुटुमा अवस्थित गौर राईस मिललाई आगामी आर्थिक वर्ष भित्रै अधिग्रहण गरी खेल मैदानको रुपमा प्रयोगमा ल्याउन आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।

२. नगर भित्रका खेलाडीहरुको मनोबल बढाउन आगामी वर्ष देखि "**मेयरकप**" क्रिकेट टुर्नामेन्ट प्रतियोगिता आयोजना गरिनेछ ।

३. खेलाडीहरुको प्रोत्साहित गर्नका लागि आवश्यक खेलकुद सामाग्रीको उपलब्ध गराईनेछ ।

४. राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक प्राप्त गर्न सफल खेलाडीहरुको प्रोत्साहन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।

५. वडा नं.८ मा बाल उधान (चिल्ड्रेन पार्क) को निर्माण कार्यलाई तिब्रता दिईनेछ ।

६. युवा रोजगारीका लागि रुपान्तरण परियोजना संचालनमा ल्याईनेछ ।

(छ) **उर्जा**

१. मेयर उज्यालो कार्यक्रम अन्तर्गत सडक वत्ती जडान तथा मर्मत र ५ एम्पीयरको सिंगल फेज मिटर जडानमा ३० यूनिट सम्म विधुत निशुल्क कार्यक्रम संचालन गरिनेछ ।

२. नगरक्षेत्र भित्र रहेका अव्यवस्थित बिधुत पोलहरुलाई व्यवस्थित गर्नका लागि मेयर संग उज्यालो कार्यक्रम संचालनमा ल्याईनेछ ।

३. बाँयो ग्याँस, विद्युतीय चुलो (इन्डक्सन चुलो) सौर्य उर्जा जडानमा विशेष जोड दिईनेछ।

**पूर्वाधार विकास तर्फः**

१. नगरक्षेका सडकहरुको वर्गीकरण गरी सडक संहिता मार्फत सडक सुरक्षा कार्य योजना तुरुन्त कार्यान्वयनमा ल्याईनेछ ।

२. बलियो सडक पूर्वाधारको लागि कच्ची सडकमुक्त अभियान अन्तर्गत सबै सडकलाई क्रमशः पक्कीकरण गर्दै लगिनेछ ।

३. प्रत्येक घरलाई नाला सँग जोड्न नाला निर्माण र सडक ढलान कार्यलाई तिब्रता दिईनेछ ।

४. सडक मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।

५. सबै सरकारी भवनहरुको लगत तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाईनेछ।

६. असहाय,दलित र विपन्न वर्गको लागि सुरक्षित आवासको व्यवस्था गर्ने नीति लिईनेछ ।

७. नगरपालिका भित्र बाईपास रोड निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

८. राष्ट्रिय भवन संहिता बमोजिम भुकम्प प्रतिरोधि भवन निर्माण गर्न भवन मापदण्ड नीतिलाई थप व्यवस्थित बनाईनेछ । साविक निर्माण भएका र नक्सापास नभएका घरहरुलाई भवन अभिलेखिकरण वा नयाँ नक्सापास गर्दा कम्तिमा पनि दुई वटा विरुवा बृक्षारोपण गरेको प्रमाण सहित पेश हुन आएमा निर्माण सम्पन्न अनुमति प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

९. झोलुङ्गेपुलको निर्माण कार्य अविलम्ब अगाडी बढाईनेछ ।

१०. बजारको सम्भाब्यता भएका वडा कार्यालय वा सामुदायिक भवनहरुमा क्रमशःकोशेली घर स्थापना गर्दै लगिनेछ ।

**सूचना तथा संचार**

१. नगरपालिकाले प्रवाह गर्ने हरेक सेवालाई चुस्त दुरुस्त पारदर्शी तथा प्रविधि मैत्री बनाउन आधुनिक सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
२. नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आबद्ध गरी छिटो छरितो गुणस्तरीय र पारदर्शी बनाईनेछ ।
३. नगरमा क्रियाशिल संचारकर्मी र संचार क्षेत्रको क्षमता अभिविद्धि गर्न आवश्यक सहयोग एवं कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
४. पत्रपत्रिका तथा एफ एम रेडियो संचालन सम्बन्धी आवश्यक कानुन तर्जुमा गरिनेछ ।

**शान्ति सुरक्षा**

१. नगरप्रहरीको दक्षता क्षमता अभिविद्ध गर्दै विपद् व्यवस्थापन तथा नगरपालिकाले आवश्यक ठानेका अन्य सम्पुर्ण कार्यमा परिचालन गर्ने नीति लिईनेछ ।
२. नगरवासी एवं व्यवसायीहरुको सुरक्षालाई दृष्टिगत गरी नेपाल प्रहरीको सहकार्यमा शहरका महत्वपूर्ण स्थानहरुमा जडान गरिएका सिसि टिभीहरुको मर्मत सम्भार तथा थप आवश्यक स्थानहरु पहिचान गरी थप सिसि टिभि जडान कार्यलाई अगाडी बढाईने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

१. धुवाँमुक्त अभियान अन्तर्गत प्रत्येक घर परिवारलाई इन्डक्सन चुलोको प्रयोग गर्ने नीति लिईनेछ ।
२. नगरपालिकाको प्रत्येक सडकको दुबै छेउमा मापदण्ड तोकी वृक्षारोपण कार्यक्रम अगाडी बढाईनेछ ।
३. नियमित प्राकृतिक विपदको रुपमा रहेको बाढी,आगलागी र शितलहरबाट बचाउन विशेष कार्यक्रम ल्याईनेछ र यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
४. जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरहरुलाई न्यूनिकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
५. वायु तथा ध्वनी प्रदुषण नियन्त्रण सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।
६. नगरलाई स्वच्छ र सफा राख्न फोहोरमैला प्रसोधन केन्द्र निर्माण गर्नु अत्यावश्यक रहेकोले सो कार्य आगामी वर्षमा सम्पन्न गरिनेछ ।

७. विपदबाट हुने क्षति न्युनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिईनेछ । यस कार्यमा नगर प्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा विशेष जोड दिईनेछ ।
८. नगर भित्रका विपद् जोखिम क्षेत्रको नक्सांकन तथा जोखियुक्त वस्तीहरुको पहिचान गरी स्थानान्तरणको लागि आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।
९. नगर भित्र बग्ने लाल बकैया नदीको बाँध कटानका कारण नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनिकरण गर्न सम्बन्धीत निकायसँग थप गृह कार्य गरी लाल बकैया नदीको बाँधलाई मर्मत गरी व्यवस्थित बनाउन जोड दिईनेछ ।
१०. वारुण यन्त्र संचालन एवं व्यवस्थापनलाई अझ प्रभावकारी बनाईनेछ ।

**<u>सुशासन तथा संस्थागत विकास</u>**

१. नगरभित्रका सबै सरकारी कार्यालयहरुमा ई हाजरी जडान गरिनेछ ।
२. नगरपालिका भित्रका सबै सार्वजनिक निकायमा नागरिक सहायता कक्षको स्थापना तथा नागरिक वडापत्र र सुझाव पेटीका अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था मिलाईनेछ।
३. नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको पहुच पुर्याउन वेबसाईटलाई प्रभावकारी बनाईनेछ ।
४. प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्थाको निरन्तरता सहित प्रभावकारी बनाईनेछ ।
५. वितीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ ।
६. यस गौर नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त दुरुस्त तथा पारदर्शी बनाउन यसै आर्थिक वर्ष देखी संचालनमा ल्याईएको अनलाईन राजश्व संकलन प्रणालीबाट नै राजश्व संकलन गर्ने तथा सेवाग्राहीले आफुलाई पायक पर्ने कुनै स्थानबाट राजश्व दाखिल गर्ने व्यवस्था मिलाईनेछ ।
७. यस नगरपालिकालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न तथा कार्यालयमा आवश्कताको आधारमा शाखा, उपशाखा र ईकाइहरु गठन गरी जनताको काम छिटो र छरितो प्रवाह हुने उदेश्यले यस नगरपालिकाको संगठन विकास (OD) गरी कार्यान्वय गरिनेछ ।
८. नगर कार्यपालिका तथा मातहतका वडा कार्यालयहरुमा विधुतीय संचार संग आबद्ध हुने अवधारणा पेपर लेस गभरनेन्स प्रयोगमा ल्याउने नीति लिईनेछ ।

९. गुणस्तरीय र राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र गलत तथा अनुशासनहिन कार्य गर्ने कर्मचारीलाई दण्डित गर्ने नीति लिईनेछ ।

१०. नगरपालिका अन्तर्गत कार्यरत करार सेवाका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा वृति विकासका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरिनेछ ।

**अन्त्यमा**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरिएको नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यान्वयन गर्न सबै विकास साझेदारहरुसँग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ । त्यसैले यस सम्मानित नगरसभा मार्फत समृद्ध गौरको निर्माणको अभियानमा सहकार्यको लागि सम्पुर्ण सरकारी निकायहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु एवं सम्पुर्ण सरोकारबालाहरुसँग हार्दिक अनुरोध गर्दछु ।साथै आजको यस १० औ नगरसभाको समुदघाटन समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिनु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अन्य अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, पत्रकारमित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा पुनःएकपटक हृदय देखि नै हार्दिक आभार प्रकट गर्दै गौर नगरपालिकाको विकास र समृद्धिका लागि सबै पक्षको सकारात्मक समन्वय र सहयोगको आशा अपेक्षा सहित यस गरिमामय सभामा आवश्यक छलफल स्वीकृतीका लागि यो नीति तथा कार्यक्रम पेश गरेको छु ।

धन्यवाद ।

२०७९ साल आषाढ १०